बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

धादिङ।

## पशुपन्छी तथा मत्स्य उद्यमशिलता विकास कार्यक्रम सञ्चालनका लागि

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०७/१२

सूचना नं.-२

पशु सेवा कार्यालय, धादिङको आ.व. २०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमको पशुपन्छी तथा मत्स्य उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत "कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१" बमोजिम योग्यता पुगेका इच्छुक पशुपन्छी तथा मत्स्यपालक उद्यमी/ फर्महरुले तपशिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित मितिले २१ औं दिन (मिति २०८१/०८/०२) कार्यालय समय भित्र यस कार्यालयमा अनुसूची -२ अनुसारको ढाँचामा आवेदन तथा अनुसूची -३ अनुसारको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ।

तपसिल:

१. कार्यक्रम सञ्चालन सम्बन्धि निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव,

२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि वा नेपाल राष्ट्रिय परिचयपत्रको प्रतिलिपि),

३. कार्यक्रम सञ्चालनका लागी आवश्यक जग्गा सम्बन्धी कागजातको प्रतिलिपि (जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनिसंग कम्तिमा ५ वर्षकालागी सम्झौता पत्रको प्रतिलिपि),

४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि, गत आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धि अन्य कागजातहरु,

५. स्थायी लेखा नं. प्रमाण पत्रको प्रतिलिपि,

नोट: थप जानकारीको लागी यस कार्यालयको सूचना पाटी, वेबसाइट vhisedhading.bagmati.gov.np फेसबुक पेज पशु सेवा कार्यालय, धादिङ, फोन नं. ०१०५२०१०७, ९८५१३१२१०७ वा स्थानिय तहको सूचना पाटी बाट प्राप्त गर्न सक्नुहुनेछ। कार्यक्रम सञ्चालन कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाइट http://moalmac.bagmati.gov.np बाट प्राप्त गर्न सकिनेछ।

कार्यालय प्रमुख

"व्यावसायिक र सिर्जनशील प्रशासन विकास, समृद्धि र सुशासन"

☎ ०१०-५२०१०७

Email: yethospitaldhading@gmail.com

वेबसाइट: https://vhisecdhading.bagamati.gov.np

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

धादिङ।

## एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरु कार्यान्वयनका लागी प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०७/१२

सूचना न.१

पशु सेवा कार्यालय, धादिङको आ.व. २०८१/०८२को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमका कार्यक्रमहरु सञ्चालनका लागि यस जिल्ला भित्रका न्यूनतम मापदण्ड पुरा गरेका पशुपन्छी तथा मत्स्यपालक कृषक समूह/ सहकारी/ निजी उद्यमीले यो सूचना प्रकाशित मितिले ३० (तिस) दिन (मिति २०८१/०८/११ गते कार्यालय समय भित्र रु. १० को हुलाक टिकट टाँसी "एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" को अनुसूची ३ मा उल्लेख भए अनुसारका तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी अनुसूची २ बमोजिमको ढाँचामा आवेदन यस कार्यालयमा वा सम्बन्धित स्थानिय तहको पशु सेवा शाखामा दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रकियामा समावेश गरिने छैन।

तपशिल:

| क्र.सं. | कार्यक्रमको नाम | परिमाण | कार्यालयको तर्फबाट अधिकतम प्रोत्सहन रकम रु. | आवेदक | न्यूनतम मापदण्ड | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | १० वटा | रु. १ लाख प्रति इकाई | दुग्ध उत्पादक सहकारी संस्था वा निजी फर्म | सहकारीको हकमा १ वर्ष पुरा भै दैनिक १०० लि. दूध संकलन गरेको र कृषक/ निजि फार्मको हकमा दैनिक ८ लि. दूध बिक्रि गर्ने गरेको हुनुपर्ने। | |
| २. | बाख्रापालन प्रवर्द्धन कार्यक्रम | ६ वटा | प्रति साझेदार बढिमा रु. ५ लाख | कृषक समूह र निजि फर्म | निजि फार्मको हकमा ५० वटा माउ बाख्रा र समूहमा कम्तिमा १० सदस्य भै प्रत्यक सँग ५ वटा माउ बाख्रा हुनुपर्ने। | |
| ३ | मौरी प्रवर्द्धन कार्यक्रम | ३ वटा | प्रति साझेदार बढिमा रु. ५ लाख | मौरीपालक कृषक समूह वा निजि फर्म | समूहको हकमा कम्तिमा ५ जनाले ३० वटा र निजि फार्मको हकमा १५ वटा मौरी पालेको हुनुपर्ने। | |
| ४. | बंगुर प्रवर्द्धन कार्यक्रम | ४ वटा | प्रति साझेदार बढिमा रु. २ लाख ५० हजार | बंगुरपालक कृषक समूह र निजि फर्म | समूहको हकमा प्रति सदस्य ३ वटा र निजि फार्मको हकमा २० वटा माउ बंगुर हुनुपर्ने। | |
| ५. | खरायोपालन प्रवर्द्धन | १ वटा | प्रति क्लष्टर बढिमा रु. ७ लाख ५०हजार | समूह वा सहकारी | प्रति सदस्य ५ वटा र क्लष्टरमा १०० वटा खरायो पालिएको हुनुपर्ने। | |
| ६ | दूध उत्पादन वृद्धी कार्यक्रम | १ वटा | प्रति साझेदार बढिमा ७५हजार | निजि फार्म | दैनिक १० लि. वा सो भन्दा माथि दूध उत्पादन गर्ने | |

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

धादिङ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | पशु आहारा आत्मनिर्भर कार्यक्रम | | | | | |
| ७ क | पशु आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि | १ | बढिमा रु. ३ लाख | कृषक समूह/ कृषि सहकारी/ निजी फार्म | कम्तिमा ५ वटा दुहुना गाई पालेको हुनुपर्ने | |
| ७ ख | क्षेत्रफलमा आधारित घाँसे बाली विकास तथा विस्तारका लागि प्रोत्साहन कार्यक्रम | हेक्टर | हिउँदे घाँसको लागि प्रत हेक्टर रु २० हजार र बहुवर्षिय घाँसको लागि प्रति हेक्टर रु ४० हजार का दरले | कृषक समूह/ कृषि सहकारी/ निजी फार्म | कार्यविधिमा उल्लेख भए अनुसार | |
| ७ ग | घाँसको स्रोत केन्द्र स्थापना | १ | बढीमा रु ३ लाख | निजि फार्म | घाँस खेतीको लागि न्यूनतम १ हेक्टर जग्गा उपलब्ध हुनुपर्ने। जग्गा लिजमा लिएको हकमा कम्तिमा ५ वर्षको अवधि भएको हुनुपर्ने। | |

कार्यालय प्रमुख



"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन" ☎ ०१०-५२०१०७
Email: vethospitaldhading@gmail.com वेबसाइट :https://vhlsecdhading.bagamati.gov.np

# एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमहरु कार्यान्वयनका लागि पेश गर्नुपर्ने आवश्यक कागजातहरु

१. अनुसूची – २ बमोजिमको आवेदन,

२. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,

३. कृषक समूह/ सहकारी/ निजी उद्यमी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,

४. गत आ.व. को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागज,

५. कृषक समूह/ सहकारी संस्थाको हकमा गत आ.व. को साधारण सभाको बैठक निर्णय प्रतिलिपि,

६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तिमा ५(पाँच) वर्षको करार सम्झौता पत्र,

७. कार्यक्रममा सहभागी गराई दिने सम्बन्धी सम्बन्धित स्थानिय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनुपर्ने),

८. अनुसूची – ४ बमोजिमको कार्य योजना,

९. अनुसूची – ५ बमोजिमको स्व-घोषणा पत्र,

१०. अनुसूची – ६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,

११. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,

१२. क्र.सं. १ को लागी पशुहरुको बीमा गरेको प्रमाण,

नोट: थप जानकारीको लागी यस कार्यालयको सूचना पाटी, वेबसाइट vhlsecdhading.bagmati.gov.np फेसबुक पेज पशु सेवा कार्यालय, धादिङ, फोन नं. ०१०५२०१०७, ९८५१३१२१०७ वा स्थानीय तहको सूचना पाटी बाट प्राप्त गर्न सक्नुहुनेछ। कार्यक्रम संचालन कार्यविधि कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाइड http://molmac.bagmati.gov.np बाट प्राप्त गर्न सकिने छ।

कार्यालय प्रमुख

पाना नं. ३